**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012

544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २८२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक १९ गते बुधबार ❑ 5 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशमा करिब २ अर्ब खर्च कटौती

**पोखरापत्र संवाददाता**

पोखरा, १८ कार्तिक

गण्डकी प्रदेश सरकारले आर्थिक मितव्ययिता र संस्थागत संरचना सुधारका लागि व्यापक खर्च कटौती गर्न थालेको छ।

जेनजी आन्दोलनको क्रममा करिब २ अर्बको क्षति व्यहोरेको प्रदेश सरकारले चालु आर्थिक बर्षमा विनियोजन भएको बजेटबाट करिब २ अर्ब खर्च कटौती गरिएको प्रदेश सरकारका प्रवक्ता एवं आर्थिक मामिला मन्त्री डा.टकराज गुरुङले बताउनु भयो। आर्थिक मामिला मन्त्रालयले हालै जारी गरेको निर्देशन अनुसार विभिन्न शीर्षकमा करिब २ अर्ब रुपैयाँ बराबरको खर्च कटौती हुने भएको हो। आन्दोलनका कारण सरकारी संरचनामा पुगेको क्षति र आर्थिक दबाबलाई मध्यनजर गर्दै अत्यावश्यक बाहेकका सबै किसिमका खर्चमा नियन्त्रण गरिएको उहाँले जनाउनु भयो। मन्त्री गुरुङले भन्नुभयो, "प्रदेश सरकारको प्राथमिकता अत्यावश्यक सेवा सुचारु राख्दै अनावश्यक खर्च घटाउने हो, त्यसअनुसार ३ सय ४ वटा दरबन्दी खारेज सहित केही कार्यालय पुनर्संरचना गरिएको छ, जसबाट करिब ४५ करोड रुपैयाँ बचत भएको छ।"

मन्त्रालयले जारी गरेको परिपत्र अनुसार अत्यावश्यक बाहेक तालिम, गोष्ठी र सेमिनार सरकारी हल वा भर्चुअल माध्यमबाट मात्रै सञ्चालन हुनेछन्, सवारी सुविधा सम्बन्धी कानुनमा तोकिएको भन्दा बढी सवारी साधन उपलब्ध नगराइने र नयाँ सवारी साधन खरिद नगरी विद्यमान साधनबाटै व्यवस्थापन गरिनेछ, इन्धन, मर्मत र भ्रमण खर्चमा २० देखि ५० प्रतिशतसम्म कटौती गरिनेछ। त्यसै गरी मेशीनरी औजार, फर्निचर, सवारी साधन र सफ्टवेयर खरिदमा १०० प्रतिशत कटौती गरिनेछ (अत्यावश्यक स्वास्थ्य सामग्री बाहेक), क्षति नभएका कार्यालयले नयाँ उपकरण खरिद नगरी पुराना सामान पुनः प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ, सम्पूर्ण सरकारी सवारी साधनको कम्प्रिहेन्सिभ बीमा अनिवार्य गरिने भएको छ। हाल अधिकांश सरकारी कार्यालयको बिमा नभएको हुदाँ यसबाट सरकारलाई ठुलो आर्थिक भार परेको छ। मन्त्रालयले सञ्चालन भइरहेका कार्यक्रममध्ये जनचेतनामूलक तालिम, अध्ययन अनुसन्धान, भ्रमण, प्रकाशन आदिमा पनि आधा बजेट कटौती गर्ने निर्णय गरेको मन्त्री डा.गुरुङले जनाउनु भयो। त्यसैगरी, उपभोक्ता समितिबाट रु. १० लाखभन्दा बढीका आयोजना कार्यान्वयन नगर्ने, कन्टिन्जेन्सी रकम घटाई १-३ प्रतिशतभित्र सीमित गर्ने निर्णय पनि गरिएको छ उहाँले जनाउनु भयो। स्रोतसाधनको दक्ष उपयोग र अनावश्यक खर्च नियन्त्रण गर्न यो नीति लागू गरिएको छ भने प्रदेशको वित्तीय अनुशासन सुदृढ पार्न र आर्थिक स्थायित्व कायम गर्न यी उपायहरू दीर्घकालीन रूपमा फाइदाजनक हुने मन्त्री गुरुङको भनाई छ। प्रदेश सरकारले अबका दिनमा सेवाग्राहीमैत्री र छरितो प्रशासनिक संरचना निर्माणलाई प्राथमिकता दिने जनाएको छ। जेनजी आन्दोलन भन्दा केही दिन अघि मात्र गण्डकी प्रदेश सरकारले आर्थिक शुसासन र खर्च कटौंति गर्दै केही कार्यालय सहित दरबन्दी घटाएर उदाहरणीय कार्य प्रारम्भ गरेको थियो। आर्थिक हिसावले कसैले प्रश्न नउठाउने गरी आफुहरुले काम गरेको गण्डकी प्रदेशमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताउदै आउनु भएको छ।

## गण्डकी प्रदेश सभाको बैठक यही कार्तिक २४ गते बस्ने

**पोखरापत्र संवाददाता**

पोखरा, १८ कार्तिक

गण्डकी प्रदेश सभाको बैठक यही कार्तिक २४ गते बस्ने भएको छ।

गण्डकी प्रदेश सभा सचिवालयले मंगलबार जारी गरेको सूचनापत्रमा कार्तिक २४ गते सोमबार दिउँसो १ बजे बस्ने सूचना जारी गरिएको प्रदेश सभाका सचिव गोविन्द पौडेलले बताउनुभयो।

यसअघि असोज २२ गतेका लागि तोकिएको बैठक विशेष कारणवश स्थगित गरिएको थियो।

जेनजी आन्दोलनको क्रममा प्रदेश सभा सचिवालय सहितको भवनमा आगजनी भएर ध्वस्त भए पछि उक्त बैठक कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सभाहल, मालेपाटन, पोखरामा बस्ने तयारी गरिएको उहाँले जनाउनु भयो। प्रदेश सभा नियमावली, २०८० को नियम ६ को उपनियम (२) बमोजिम उक्त सूचना जारी गरिएको सूचनापत्रमा उल्लेख गरिएको छ। त्यस अघि गत भदौ २५ मा बैठक डाकिएको थियो, तर त्यसअघि दिन अर्थात् भदौ २३ र २४ गते 'जेन-जी आन्दोलन'का क्रममा भएको आगजनीले प्रदेश सभा भवन पूर्ण रूपमा जलेर ध्वस्त बनेपछि बैठक अनिश्चित बनेको थियो।

सभामुख कृष्णप्रसाद धितालले जेन-जी आन्दोलन र पछिल्ला राजनीतिक परि स्थितिले गर्दा आन्तरिक नयाँ ठाँउमा बैठक सञ्चालन गर्न केही समय लागेको बताउनु भयो।

## पोखराको न्युरोडमा दुवै साइड पार्किङ हुनुपर्ने माग गर्दै व्यवसायीको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**

पोखरा, १८ कार्तिक



पोखरा न्युरोडका ब्यवसायीहरुले एकतर्फी पार्किङका कारण व्यवसायीहरु पलायन हुने क्रम बढेको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन। पोखरा सभागृह देखि बिपी चोक सम्म पश्चिम साइडका झण्डै २ सय व्यवसायीहरुले न्युरोडमा एकतर्फी पार्किङका कारण व्यवसाय सञ्चालनमा अफठेरो परेका कारण पलायन हुने क्रम बढेको भन्दै जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की, पोखरा महानगरपालिका वडा नं ८ र ९ का कार्यालयमा पुगी ध्यानाकर्षण सहित ज्ञापन पत्र बुझाएका छन। न्युरोड व्यवसायी समितिका संयोजक प्रदिप राज भण्डारीले पोखराको न्युरोडमा एकतर्फी पार्किङका कारण व्यवसाय पलायन हुने, सटर खाली हुने, सटर खाली रहने अवस्था आइपरेको बताए। भुकम्प, नाकाबन्दी, कोरोना महामारी पश्चातको आर्थिक मन्दीको चपेटामा परेका न्युरोडका व्यवसायीहरु एकतफी पार्किङका कारण धेरै व्यवसायीहरु पलायन हुने अवस्थामा पुगेको र त्यसलाई रोक्नका लागि सभागृह देखि बिपि चोक सम्म पश्चिम तर्फका घरबेटी र व्यवसायीको भेलाले दुवै साइड पार्किङका लागि सहज बातावरण बनाइदिन कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख सुजित कुमार देवकोटा, पोखरा महानगरपालिका वडा नं ८ का अध्यक्ष रुद्रनाथ बराल र पोखरा महानगरपालिका वडा नं ९ का अध्यक्ष दिपेन्द्र मर्सानीलाई ज्ञापन पत्र बुझाएका हुन।

व्यवसायीहरुले पोखरा महानगरका प्रमुख धनराज आचार्यलाई समेत ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको न्युरोड व्यवसायी समितिका संयोजक प्रदिप राज भण्डारीले जानकारी दिए।

## मुस्ताङमा पहिलोपटक 'छुआमा' हिमालको सफल पर्वतारोहण

**पोखरापत्र संवाददाता**

मुस्ताङ, १८ कार्तिक




यहाँको माथिल्लो मुस्ताङस्थित 'छुआमा' हिमालको पहिलोपटक पर्वतारोहण भएको छ।

दक्षिण कोरियाली तीन विदेशी पर्यटकसहित आठ जनाको आरोहण टोलीले नाभेम्बर २ तारिखिमा ६२१३ मिटर उचाइमा रहेको 'छुआमा' हिमालको सफलतापूर्वक पर्वतारोहण गरेको राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण आयोजना (एक्याप) लोमान्थाङले जनाएको छ।

यहाँको माथिल्लो मुस्ताङ स्थित 'छुआमा' हिमाल लोमान्थाङ गाउँपालिका-४ स्थित नाम्डो गाउँबाट माथिको ५४८० मिटर उचाइको छुआमा आधार शिविर हुँदै चढ्नुपर्ने हुन्छ। दक्षिण कोरियाली पर्यटक डोङजिन, नाम्योङ र ह्निचुलसहित पाँच जना नेपाली पर्यटक गाइडहरूले छुआमा आधार शिविर हुँदै 'छुआमा' हिमालको सफलतापूर्वक पर्वतारोहण गरेको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो। पहिलोपटक उपल्लो मुस्ताङमा अवस्थित तीन वटा छुआमा शिखरमध्ये छुआमा तेस्रो शिखरको आरोहण गरी कोरियाली टोली त्यहाँबाट लोमान्थाङ फर्किएको एक्याप लोमान्थाङ प्रमुख पौडेलको भनाइ छ। नोभेम्बर २ तारिखको बिहान २:०० बजे 'छुआमा' आधार शिविरबाट प्रस्थान गरेको पर्वतारोहण टोली १० घण्टापछि छुआमा शिखरमा पुगेको थियो।

यहाँको उपल्लो मुस्ताङबाट पहिलो पटक विदेशी नागरिकले 'छुआमा' हिमालको पर्वतारोहण गरेको एक्याप लोमान्थाङले जनाएको छ। यसअघि 'छुआमा' हिमाल पर्वतारोहणका लागि अक्टोबर १८ तारिखमा ट्रेकिङ क्याम्प नेपालको टोलीले स्थलगत निरीक्षण गरेको थियो।

पहिलो पटक यहाँको छुआमा हिमालको सफलतापूर्वक पर्वतारोहण गरी फर्किएका तीन जना कोरियाली नागरिकसहितको टोलीलाई एक्याप लोमान्थाङले खादा लगाएर सम्मान गरेको छ। पहिलोपटक यहाँ अवस्थित छुआमा हिमालको पर्वतारोहणसँगै माथिल्लो मुस्ताङको पर्यटन प्रवर्द्धन तथा माथिल्लो मुस्ताङको हिमाल पर्वतारोहण प्रवर्द्धनमा ठूलो सहयोग पुर्याउने विश्वास गरिएको एक्याप प्रमुख पौडेलले बताउनुभयो।

## पाङबारी हिमाल चढ्न गएका दुई आरोहीको शव फेला

**पोखरापत्र संवाददाता**

गोरखा, १८ कार्तिक



गोरखास्थित पाङबारी हिमालमा विगत पाँच दिनदेखि बेपत्ता दुई इटालियन आरोहीको शव फेला परेको छ।

पाङबारी हिमालको पहिलो शिविरमा इटालीका ६७ वर्षीय स्तेफानो फरिनातो र ३७ वर्षीय अलेस्सान्द्रो गापुटोको शव फेला परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो। दुवै जनाको शव हिउँले पुरिएको अवस्थामा फेला परेको उहाँले बताउनुभयो। आरोहीको शव हेलिकोप्टरमार्फत सामागाउँ ल्याइएको छ। पाङबारी हिमालबाट फर्कने क्रममा तीन इटालियन नागरिक र एक नेपाली सहयोगी गत बुधबारदेखि पहिलो शिविर र आधार शिविरमा अलपत्र परेका थिए। फरिनातो र गापुटो हिमाल आरोहण गर्न नसकेपछि फर्कने क्रममा हिमपातका कारण अलपत्र परेका बताइएको छ।

उनीहरूसँगै अलपत्र परेका इटालियन नागरिक ६५ वर्षीय भेल्टर परलिनोको भने गत आइतबार हेलिकोप्टरबाट उद्धार गरिएको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताउनुभयो। उनको साथमा रहेका नेपाली नागरिक पेम्बा रेञ्जी शेर्पा, दावा छिरी शेर्पा र पासाङ तामाङको पनि सोही दिन हेलिकोप्टरबाट उद्धार गरी उपचारका काठमाडौं पठाइएको उहाँले बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# शिक्षा सुधारका अभियन्ता दाहाल प्रधानाध्यापकमा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ कार्तिक

विद्यार्थीको अनुहारमा मुस्कान, शिक्षकको आँखामा भरोसा र समुदायको मनमा नयाँ आशा झल्किन्थ्यो।

पोखरा महानगरपालिका वडानं१३ आर्वास्थित रतनपाण्डे माध्यमिक विद्यालयमा विष्णु प्रसाद दाहाल प्रधानाध्यापक नियुक्ति पछि झल्किएको दृश्य हो। विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको सयुक्त वैठकवाट हालै दाहाल प्रधानाध्यापक नियुक्ति भएका हुन्।

२५ वर्ष शिक्षण अनुभव बोकेका दाहाल केवल शिक्षक होइनन्।



शिक्षा सुधारका अभियानकर्ता पनि हुन्। कक्षाकोठाको भित्तामा विद्यार्थीका सपनाहरू कोरिरहेका बेला उनले सधैं शिक्षा र अनुशासनलाई सँगसँगै अघि बढाउनुपर्ने विश्वास राख्दै आएका छन्।

पदभार ग्रहण कार्यक्रममा बोल्दै दाहालले भने, "विद्यालय हाम्रा सपना र सिर्जनाको प्रयोगशाला हो। अब हामी सबै मिलेर यो विद्यालयलाई उत्कृष्ट बनाउन जुट्नेछौं।" रतन पाण्डे माध्यमिक विद्यालयमा वि.स. २०६६ सालमा माध्यमिक तह अग्रेजी विषयमा शिक्षकको रुपमा नियुक्त भएका थिए। विद्यालय प्रवेश गर्दा ८४ जना विद्यार्थी देखेका दाहालले २०६७ मा ८३ जना विद्यार्थी थप गर्नमा उल्लेखनीय भुमिका रहेको छ। विद्यालयको शैक्षिक गुणस्तरमा विकास गर्न कक्षा नर्सरी देखी तीन सम्म अग्रेजी माध्यम पढाई गर्नु पर्दछ भनेर स्कूल परिवार सँग सहकार्य गरेर अगाडि बढेका थिए दाहाल। अग्रेजी विषय लिएर प्रथम श्रेणीमा माष्टर उर्तिण हुन दाहाल।

शिक्षाको गुणस्तर विकासका लागि शिक्षासँग जोडिएका विभिन्न संघसस्थावाट गरेका अनुभव छ। दाहालले आफ्नो कार्ययोजना पनि सार्वजनिक गरे–विद्यार्थीको सिकाइमा सुधार, डिजिटल प्रविधिको प्रयोग, खेलकुद र कला-संस्कृतिको प्रवर्द्धन, र शिक्षकबीच सहकार्यलाई प्राथमिकता दिने भने।

# पोखरा-बागलुङ सडकमा यात्रा गर्न सकस

**पोखरापत्र संवाददाता**
पोखरा, १८ कार्तिक

मध्यपहाडी पुष्पलाल लोकमार्गअन्तर्गत पोखरा-बागलुङ खण्डमा ठाउँपिच्छे परेका खाल्डाखुल्डीका कारण यातायात सञ्चालनमा जोखिम बढेको छ।

पर्यटकीय राजधानी पोखरा जोड्ने मुख्य सडक बिग्रँदा यात्रु र सवारीचालकलाई सास्ती भएको छ। कास्की र पर्वत खण्डको सडकमा खाल्डाखुल्डीको समस्या बढी रहेको पोखरा-बागलुङ चल्ने विद्युतीय माइक्रोका चालक डम्मर केसीले बताउनुभयो। "सहज र निर्वाध रूपले गाडी चलाउन सक्ने अवस्था अहिले छैन, ठाउँठाउँमा सडक भत्केको छ, कतै सडक नै भासिएको छ, कहीं ठुल्ठूला खाल्डा परेका छन्", उहाँले भन्नुभयो, "सवारीसधानको बढी चाप हुने मुख्य सडक नै बिग्रँदा दुर्घटनाको जोखिम पनि उत्तिकै छ।" शीघ्र सडक मर्मत नगरे हिउँदमा धुलोको समस्या निम्तने केसीले बताउनुभयो। वर्षायाम सकिएलगत्तै सडक मर्मत गर्नुपर्नेमा अझै कामको सुरसार नदेखिएको उहाँको भनाइ छ।

गत वर्षायाममा धेरै ठाउँमा सडक भत्केको र खाल्डाखुल्डी परेको सडक डिभिजन कार्यालय, पोखराका सबइन्जिनियर लोकेश पौडेलले बताउनुभयो। "यसपालि धेरै ठाउँमा सडक बिग्रेको छ, नियमित मर्मतसम्भारका लागि ठेक्का प्रक्रिया पनि टुङ्गिसकेको छ", उहाँले भन्नुभयो, "कास्कीको फेदीदेखि नयाँपुल र नयाँपुलदेखि पर्वतको मालढुङ्गासम्म गरी दुई खण्डमा मर्मतसम्भारको काम हुन्छ।" शिवालय निर्माण सेवाले मर्मतको ठेक्का पाएको उहाँले बताउनुभयो। निर्माण कम्पनीले दसैं, तिहारअघि नै मर्मतसम्भारको काम सुरु गर्ने तयारी गरे पनि बीचमा भएको वर्षात्, चाडबाडको बिदा आदि कारणले केही ढिलाइ भएको सबइन्जिनियर पौडेलले बताउनुभयो। तत्काल मर्मतसम्भारको कामलाई गति दिनेगरी कार्यालययले आवश्यक पहल लिने उहाँको भनाइ छ। "मर्मतसम्भारका लागि बजेट कम हुने हुँदा सबै ठाउँको सडक बनाउन असम्भव देखिएको छ", उहाँले भन्नुभयो, "बजेटले भ्याएसम्मको काम सयममै हुन्छ।"

# कांग्रेस केन्द्रीय समिति बैठकमा महामन्त्री र सहमहामन्त्रीद्वारा महाधिवेशनका दुई फरक प्रस्ताव पेस

**रासस**
काठमाडौं, १८ कार्तिक

नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा महामन्त्री र सहमहामन्त्रीद्वारा महाधिवेशनका दुई फरक प्रस्ताव पेस भएको सहमहामन्त्री बद्री पाण्डेले जानकारी गराउनुभएको छ।

"महाधिवेशन कार्यतालिका सहमति निर्माण हुन सकेन, महाधिवेशनका विषयमा पार्टीमा दुई खालका मतलाई एउटै हुनेगरी साझा धारणा हुन सकेको छैन, पुस १६ गतेदेखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन गर्ने महामन्त्री गगन थापाको प्रस्ताव आएको छ, वैशाख २७ गतेदेखि ३० गतेसम्म गरौँ भन्ने सहमहामन्त्री महेन्द्र यादवको अर्को प्रस्ताव आएको छ, एउटै बनाउने प्रयास जारी छ, पुस १६ मा हुने भयो भने तीव्र तयारी आवश्यक छ," सहमहामन्त्री पाण्डेले भन्नुभयो। बैठकमा महामन्त्री गगनकुमार थापाले गर्नुभएको प्रस्तावअनुसार मङ्सिर २७ गते वडा अधिवेशन, पुस ५ र ६ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र पुस १६ देखि १९ गतेसम्म केन्द्रीय महाधिवेशन गर्नेगरी कार्यतालिका पेस भएको छ।

यस्तै सहमहामन्त्री महेन्द्र यादवले पेस गरेको कार्यतालिकाअनुसार २०८२ चैत १ गते वडा अधिवेशन, चैत ५ गते पालिका अधिवेशन, चैत १२ गते प्रदेश क्षेत्रीय अधिवेशन, चैत २० गते सङ्घीय प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन, चैत ३० गते जिल्ला अधिवेशन, २०८३ वैशाख १५ गते सात प्रदेश अधिवेशन र २०८३ वैशाख २७ देखि ३० गतेसम्म १५ औं केन्द्रीय महाधिवेशनको प्रस्ताव भएको पाण्डेले जानकारी दिनुभयो। सहमहामन्त्री पाण्डेले विशेष महाधिवेशन पक्षधरहरूको मागलाई सम्बोधन गर्न पनि पुसमा महाधिवेशन आवश्यक छ भन्ने धारणा राख्दै नियमित महाधिवेशनमा जोड दिइरहेको धारणा राख्नुभयो।

अर्का सहमहामन्त्री किशोर सिंह राठौरले देशका सबै निकाय जलेको बेलामा नेपाली कांग्रेस एक ढिक्का भएर अगाडि बढ्छ भन्ने धारणा राख्नुभयो। उहाँले आफूलाई निर्वाचन पछाडि महाधिवेशन गर्ने कार्यतालिका नै पारित हुन्छ भन्ने विश्वास रहेको बताउनुभयो।

केन्द्रीय सदस्य नैनसिंह महरले पार्टीले सबै विचारलाई सम्बोधन गर्दै देशको नेतृत्व गरेर सबै पार्टीलाई विश्वस्त हुनसक्ने वातावरण तयार पार्नुपर्ने बताउनुभयो। उहाँले विधानअनुसारविशेषमहाधिवेशन पनि वैधानिक हो भन्दै विधानले व्यवस्था गरेअनुसार लोकतान्त्रिक पद्धति स्वीकार गर्दै पार्टी अगाडि बढ्छ भन्ने धारणा राख्नुभयो।

# राष्ट्रिय माविमा परिवार नियोजन संघको अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, १८ कार्तिक

नेपाल परिवार नियोजन संघ कास्की शाखाले मंगलबार पोखरा महानगरपालिका वडा नं १ स्थित राष्ट्रिय माविमा यौन तथा प्रजनन् स्वास्थ्य सचेतना अभियान संचालन गरेको छ।

संघले किशोर किशोरी तथा युवालाई लक्षित गरी विद्यालय र कलेजमा अभियान संचालन गर्ने योजना अनुसार राष्ट्रिय माविमा कार्यक्रम गरिएको सभापति नवीन सिग्देलले जानकारी दिनुभयो।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं १ का वडा सदस्य रामजी प्रसाद पौडेलले स्थानीय सरकारले ध्यान दिन नसकेको कार्यक्रममा संघले गरेको योगदान महत्वपूर्ण भएको बताउनुभयो।

राष्ट्रिय माविका प्रधानाध्यापक इश्वरी प्रसाद सापकोटाले किशोर किशोरी तथा युवाका लागि अत्यन्त उपयोगी कार्यक्रम विद्यालयमा आएकोमा खुशी व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्कीका कोषाध्यक्ष विष्णु प्रसाद दाहाल, बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारी र कर्मचारी सुरज चौधरीले सहजिकरण गर्नुभएको थियो। नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देललको अध्यक्षतामा भएको कार्यक्रम बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारीले संचालन गर्नुभएको थियो।

# जनार्दन शर्मा र राम कार्कीको नेतृत्वमा प्रगतिशील अभियान सुरुआत

**रासस**
काठमाडौं, १८ कार्तिक

'विद्रोह जायज छ, विद्रोह अधिकार हो' भन्ने नारासहित माओवादी केन्द्रका पूर्वमहासचिव जनार्दन शर्मा र पूर्वसचिव राम कार्कीले समाजवादी ऐक्यबद्धताको आह्वानसहित प्रगतिशील अभियानको सुरुआत भएको घोषणा गर्नुभएको छ।

प्रगतिशील अभियानले नेपालमा दशकौँदेखि चल्दै आएका जनआन्दोलन, जनयुद्ध र जनविद्रोहका सहिदहरूलाई श्रद्धाञ्जली अर्पण गर्दै, देशलाई नयाँ समाजवादी दिशातर्फ उन्मुख गराउन सबै प्रगतिशील शक्तिहरू एकजुट गराउने विश्वास व्यक्त गर्नुभएको छ। पत्रकार सम्मेलनमा पूर्वअर्थमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का पूर्वउपमहासचिव जनार्दन शर्माले भन्नुभयो, "विद्रोह हरेक पीडित, उत्पीडित र बेवास्ता गरिएको जनताको अधिकार हो। आजको आवश्यकता पुराना गल्तीबाट सिक्दै समाजवादी ऐक्यबद्धतामा नयाँ बाटो खोज्ने हो।"

उहाँले माओवादी आन्दोलन र शान्ति प्रक्रियामा प्रवेशलाई ऐतिहासिक मोड बताउँदै भन्नुभयो, "क्रान्तिको मर्म र सहिदहरूको बलिदानलाई व्यर्थ जान नदिई समाजवादी राजनीति र जनताको सर्वोच्चतामा आधारित नयाँ दिशा तय गर्नुपर्छ।" त्यसैगरी, माओवादी केन्द्रका पूर्वसचिव राम कार्कीले नेपाली कम्युनिष्ट आन्दोलनभित्रको गुटबन्दी, व्यक्तिवाद र अवसरवादले आन्दोलन कमजोर बनाएको बताउनुभयो। उहाँले भन्नुभयो, "नेपालको वाम आन्दोलनले जनताको अपार विश्वास पाएको थियो, तर नेताहरूले जनताप्रति जवाफदेही बन्न नसक्दा त्यो ऊर्जा निराशामा परिणत भयो। अब वैचारिक शुद्धता, आत्मसमीक्षा र सङ्गठनात्मक नवजीवनमार्फत नयाँ समाजवादी आन्दोलन खडा गर्नैपर्छ।"

# मुस्ताङमा पहिलोपटक 'छुआमा' हिमालको सफल पर्वतारोहण

**रासस**
मुस्ताङ, १८ कार्तिक

यहाँको माथिल्लो मुस्ताङस्थित 'छुआमा' हिमालको पहिलोपटक पर्वतारोहण भएको छ।

दक्षिण कोरियाली तीन विदेशी पर्यटकसहित आठ जनाको आरोहण टोलीले नाभेम्बर २ तारिखिमा ६२१३ मिटर उचाइमा रहेको 'छुआमा' हिमालको सफलतापूर्वक पर्वतारोहण गरेको राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण आयोजना (एक्याप) लोमान्थाङले जनाएको छ।

यहाँको माथिल्लो मुस्ताङ स्थित 'छुआमा' हिमाल लोमान्थाङ गाउँपालिका-४ स्थित नाम्डो गाउँबाट माथिको ५४८० मिटर उचाइको छुआमा आधार शिविर हुँदै चढ्नुपर्ने हुन्छ। दक्षिण कोरियाली पर्यटक डोङजिन, नाम्योङ र ह्निचुलसहित पाँच जना नेपाली पर्यटक गाइडहरूले छुआमा आधार शिविर हुँदै 'छुआमा' हिमालको सफलतापूर्वक पर्वतारोहण गरेको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो।

पहिलोपटक उपल्लो मुस्ताङमा अवस्थित तीन वटा छुआमा शिखरमध्ये छुआमा तेस्रो शिखरको आरोहण गरी कोरियाली टोली त्यहाँबाट लोमान्थाङ फर्किएको एक्याप लोमान्थाङ प्रमुख पौडेलको भनाइ छ। नोभेम्बर २ तारिखको बिहान २:०० बजे 'छुआमा' आधार शिविरबाट प्रस्थान गरेको पर्वतारोहण टोली १० घण्टापछि छुआमा शिखरमा पुगेको थियो।

यहाँको उपल्लो मुस्ताङबाट पहिलो पटक विदेशी नागरिकले 'छुआमा' हिमालको पर्वतारोहण गरेको एक्याप लोमान्थाङले जनाएको छ। यसअघि 'छुआमा' हिमाल पर्वतारोहणका लागि अक्टोबर १८ तारिखमा ट्रेकिङ क्याम्प नेपालको टोलीले स्थलगत निरीक्षण गरेको थियो।

पहिलो पटक यहाँको छुआमा हिमालको सफलतापूर्वक पर्वतारोहण गरी फर्किएका तीन जना कोरियाली नागरिकसहितको टोलीलाई एक्याप लोमान्थाङले खादा लगाएर सम्मान गरेको छ। पहिलोपटक यहाँ अवस्थित छुआमा हिमालको पर्वतारोहणसँगै माथिल्लो मुस्ताङको पर्यटन प्रवर्द्धन तथा माथिल्लो मुस्ताङको हिमाल पर्वतारोहण प्रवर्द्धनमा ठूलो सहयोग पुऱ्याउने विश्वास गरिएको एक्याप प्रमुख पौडेलले बताउनुभयो।


## स्वच्छ सहर: स्वस्थ्य सहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समयसमयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौ,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाईमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समयसमयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौ, सुन्दर बनाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


# एक सातादेखि किशोर बेपत्ता

**पोखरापत्र संवाददाता**
वालिङ, १८ कार्तिक

स्याङ्जा र पाल्पाको सङ्गमस्थल रामनदीधाम राम्दीस्थित कालीगण्डकी नदीमा एक किशोर सातादेखि बेपत्ता छन्।

गत बुधबार स्याङ्जाको गल्याङ नगरपालिका-१ राम्दीमा पौडी खेल्ने क्रममा कालीगण्डकीमा बेपत्ता भएका कैलालीको लम्कीचुहा नगरपालिका-१ घर भएका १५ वर्षीय बखत शाही बेपत्ता भएका थिए। उनको खोजी जारी रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक प्रसन्नराज चौधरीले जानकारी दिनुभयो।

कैलालीबाट साथीहरूसँगै पोखरा भ्रमणमा आएका शाही र सोही ठाउँका १६ वर्षीय बिराज न्यौपाने पौडी खेल्न कालीगण्डकी नदीमा पसेका थिए। पौडी खेल्ने क्रममा दुवै जनालाई नदीले बगाएको थियो। बग्दै गरेको अवस्थामा न्यौपानेलाई सकुशल उद्धार गरिएको थियो। बुधबार बिहानदेखि कालीगण्डकी नदीमा बेपत्ता भएका शाहीको सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन समूह स्याङ्जा, नेपाल प्रहरी तथा आफन्तजनको सक्रियतामा खोजी कार्यलाई तीव्रता दिइएको प्रहरी नायव उपरीक्षक चौधरीले जानकारी दिनुभयो। सशस्त्र प्रहरी बलको तालिम प्राप्त समूहले 'ऱ्याफ्टिङ बोट'को सहायताले घटनास्थल तथा त्यसभन्दा तलका स्थानमा खोजी गरिरहेको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग अरेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# माओवादी केन्द्र पनि विभाजित

नेकपा माओवादी केन्द्रले नेकपा एकीकृत समाजवादी लगायतका आठ दलसँग एकता गर्ने घोषणासँगै माओवादी केन्द्र पनि विभाजित भएको छ । नेता जनार्दन शर्मा, राम कार्की र अन्जना विसंखेले माओवादी केन्द्र छाडेर प्रगतिशील अभियान नेपाल घोषणा गरेका छन । एकीकृत समाजवादीबाट विभाजित भएका महासचिव घनश्याम भुषाल, नेकपाका महासचिव नेत्र बिक्रम चन्द विप्लव मिलेर नयाँ पार्टीको तयारी भएको छ । पुरानो नेतृत्वको विस्थापन चाहेकाहरुले नयाँ प्रगतिशील समूह बनाएर वामपन्थी दल बनाउने योजना छ । पुराना दलका पुराना नेताले नछाड्ने र हटाउन सक्ने अवस्था नदेखिएकाले नयाँ दल बनाउन दबाब परेको छ । आठ दल एक बन्दा उत्साह नदेखिएको मात्र होइन जनार्दन शर्माले पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूलाई माधव नेपालको नीतिमा आत्मसमर्पण गरेको आरोप लगाएका छन् । प्रगतिशील अभियान नेपालको घोषणा गर्दै नेता शर्माले आफूहरूलाई त्यो कुरा स्वीकार्य नभएको बताए ।

प्रचण्डले महाधिवेशन गर्न छोडेर एकताको नाटक गरेको बताए । माओवादी आयोजक समितिको रूपमा रहेको थियो। तर, क्षेत्राधिकार क्षेत्र बाहिर गएर एकताको नाटक गरियो । आयोजक समितिले महाधिवेशन गर्नुपर्ने थियो । तर, महाधिवेशन टार्नलाई एकताको नाटक गरियो, जनार्दनको आरोप छ । प्रचण्डले आफ्नो स्वार्थ केन्द्रित समूहलाई वरिपरि राखेर पार्टीलाई बर्बाद बनाएको उनको आरोप छ । पार्टी एकताले देशलाई निकास नदिने ठोकुवा पनि उनले गरे । 'यो एकताले देशलाई न निकास दिन्छ, न जनताको समर्थन प्राप्त गर्नेछ । पार्टी एकताको नाममा अहिल्यै भद्रगोल सुरू भइसक्यो । हजारौंका समिति बनिरहेका छन्। त्यसले विधिहीनताको सुरुवात गर्नेछ,' उनले भने ।

उनले आफूहरू फेरि अध्यक्ष वा उपाध्यक्ष बन्न नआएको बरु नयाँ पुस्तालाई अगाडि सारेर अभिभावकको जिम्मेवारीमा रहने बताए । 'हामी फेरि अध्यक्ष वा उपाध्यक्ष हुन यो गरेको होइन। नयाँ पुस्तालाई अगाडि सारेर हामीले हासिल गरेका राजनीतिक अनुभवका आधारमा उहाँहरूलाई अगाडि बढाउन चाहन्छौं,' उनले भने । उनले नयाँ अभियानमा सबै वर्ग, जाति र लिंगलाई समेटेर नयाँ संरचना बनाएर अगाडि बढ्ने बताए। शान्ति प्रक्रियाको बाँकी कामको जिम्मा लिएर आफूहरू अगाडि बढ्ने उनको प्रतिवद्धता थियो । 'एकताका नाममा आम जनतालाई भ्रमित पार्न र घृणा फैलाउने काम भएको छ। समर्थक र कार्यकर्तालाई दुरुपयोग गरिएको छ । त्यसमा हाम्रो पनि केही गल्ती कमजोरी छन् । त्यसमा हामी क्षमा चाहन्छौं । त्यसलाई सच्याउँदै नयाँ अभियानमार्फत त्यस संकल्पलाई पूरा गर्न चाहन्छौं । नयाँ पुस्तालाई पारदर्शीताको सवाललाई अगाडि बढाउन चाहन्छौं । भ्रष्टाचारलाई मुक्त गर्ने अभियानमा हामी सरिक हुन्छौं । यदि हामी भेटिए त्यसको भागिदार बन्न पनि तयार छौं । अब सामान्य सुधारबाट सम्भव छैन,' उनले भने ।

उनले आफूहरू गालीगलौजको संस्कारबाट अलग रहने बताए । अग्रजहरूको राजनीतिबाट शिक्षा लिएर अगाडि बढ्न चाहेको उनको भनाइ छ । नागरिक सर्वोच्चता हराएको यहाँ उनीहरूको सम्मानलाई व्यवहारिक बनाउन चाहन्छौं । शासकीय स्वरुपमा बहस गर्न चाहन्छौं,' उनले भनेका छन । राजनीतिमा जे भनिन्छ त्यो गरिएको भए जनतामा यति धेरै आक्रोश र घृणा आउने थिएन । बामपंथी दलमा मतभिन्नता हुने बित्तिकै फुट्ने रोग छ । अहिले सबैलाई आफू असल छु भन्ने लागेको छ । असली बाजेको पेडा भनेझैं साइनबोर्ड राख्ने काम जनार्दन जस्तैले बनाउने पार्टीले गर्नेछैन भन्ने कामना मात्र गर्न सकिन्छ ।

# पन्ध्र शैयाको बागलुङ नगर अस्पतालमा दुई दुई मेडिकल अधिकृत

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १८ कार्तिक

पन्ध्र शय्याको बागलुङ नगर अस्पतालले स्थापनाको तीन वर्षपछि दुई मेडिकल अधिकृतबाट आफ्नो सेवालाई थप विस्तार गरेको छ ।

नगरपालिकाले २०७८ असोज ८ गते पैयुपाटा स्वास्थ्यचौकीलाई १५ शय्यामा स्तारोन्नति गरेको थियो । दरबन्दीअनुसारको चिकित्सक र उपकरणको अभाव खेप्दै आएको अस्पतालले हालै एक्सरे र भिडियो एक्सरे सेवा थप गरेको छ । अस्पताल प्रमुख डा सफल सापकोटाका अनुसार अस्पतालले यस अगाडि प्रयोगशाला र फार्मेसी सेवा प्रदान गर्दै आएको थियो । "बागलुङ नगरपालिकाले एक जना मेडिकल अधिकृत र गण्डकी प्रदेश सरकारबाट एक जना गरी दुईजना मेडिकल अधिकृत कार्यरत छौं, अस्पतालले अहिले गर्भवतीका लागि भिडियो एक्सरे सेवा र एक्सरे सेवा प्रदान गर्दै आएका छौं", डा सापकोटाले भन्नुभयो, "समयमै भवन निर्माण नहुँदा चुनौतीका बीच सेवा विस्तार भइरहेको छ, आधारभूत अस्पतालबाटै दुई मेडिकल अधिकृतले सेवा दिनु भनेको राम्रो हो, स्वास्थ्य बीमाको सेवा विस्तारको योजनामा छौं ।"

हालै एक जना मेडिकल अधिकृत थप गरिएको र एक्सरे उपकरण, रेडियोग्राफरबाट एक्सरे सेवा प्रदान गरिएको बागलुङ -१३ का वडाध्यक्ष नारायण पौडेलले जानकारी दिनुभयो ।

नगर अस्पताल निर्माणका लागि स्थानीयको सक्रियतामा नौ रोपनी जग्गा व्यवस्थापन गरेर २०७८ साल असारबाट रु १८ करोड लागतमा भवन निर्माण थालिएको थियो । निर्माण कम्पनीले भवन २०८३ सम्म सम्पन्न गर्ने लक्ष्य लिएको छ । भवन निर्माणका लागि तेस्रोपटक २०८३ असार १९ गतेसम्म म्याद थप गरिएको छ । समयमै भवन नबन्दा भौतिक संरचनाको भने अभाव खड्किएको छ ।

# बागलुङ-घोडाबाँधे सडक कालोपत्र नहुँदा यात्रुलाई सास्ती

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ कार्तिक

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङ-घोडाबाँधे खण्ड ट्र्याक खुलेको २५ वर्ष बित्दा पनि कालोपत्र नहुँदा स्थानीय र यात्रुले सास्ती खेप्दै आएका छन् । सडक हिउँदमा धुलो र बर्सातमा हिलो हुने गरेको छ ।

निर्माण कम्पनीले तत्काल काम नथालेमा स्थानीयले आगामी मङ्सिर १ गतेदेखि आन्दोलन गर्ने चेतावनी दिए छन् । यसअघि आन्दोलन गरेका बिहुँवासीले सडक बन्ने आश्वासन पाएपछि पछि हटेका थिए । काठेखोला गाउँपालिका-५ र ६ का स्थानीयले प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई भेटेर निर्माण कम्पनीले तत्काल काम नगरेमा सडक ठप्प पार्ने चेतावनी दिएका छन् ।

स्थानीय कृष्ण कँडेलले भन्नुभयो, "यो सडकले हामीलाई धेरै समस्या गरायो, सडक बन्ला बन्ला भन्ने आशामा यतिका वर्ष धैर्य भयौं, धैर्य गर्दागर्दा आजित भइसक्यौं, अब सडक निर्माणको काम थालिएन भने मङ्सिर १ गतेदेखि सडक अवरुद्ध गर्छौं ।"

विसं २०६८ देखि थालिएको लोकमार्ग आयोजनाको काम पटकपटक अलपत्र पर्दा यात्रीले सास्ती खेप्नुपरेको छ । सडकका कारण काठेखोला गाउँपालिका-१, २, ५ र ६ का घर, खेती र फलफूल समेत धुलोले पुरिने गरेको छ । किसानले डाले घाँससमेत पशुचौपायालाई खुवाउन नपाएको गुनासो गरे । ठेकेदारलाई कालोसूचीमा राखेर नयाँ ठेक्का खुलाएको डेढ वर्ष पुग्न लाग्दा अझै काम अगाडि नबढेको काठेखोला गाउँपालिका-६ का अध्यक्ष बृहस्पति कँडेलले बताउनुभयो। मध्यपहाडी लोकमार्ग बागलुङभित्र १४२ किलोमिटर छ।

त्यसमध्ये अन्य खण्ड कालोपत्र भइसकेको छ । सो खण्डको काम सूर्य कन्स्ट्रक्सन कम्पनीले ठेक्का लिएको थियो । विसं २०७२ माघ १० को ठेक्काको काम नौ वर्षमा ५५ प्रतिशत प्रगति नगरेपछि कालोसूचीमा परेर रद्द भई गत वर्ष रिजाल तामाङ भगवती जेभीले ठेक्का लिएको थियो । विसं २०८१ असारमा सम्झौता गरी विसं २०८३ असारमा सक्ने सम्झौता गरेको एक वर्ष बितिसक्दा काम नथालेपछि स्थानीय आक्रोशित भएका हुन् ।

# सोह्र वर्षपछि कालीगण्डकी बेसीनमा दुर्लभ पन्छी चिरकालिजको सङ्ख्या १८ जोडी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ कार्तिक



कालीगण्डकी नदी आसपासको उच्च पहाडी क्षेत्रमा दुर्लभ पन्छी चिरकालिजको सङ्ख्या बढेको छ ।

नेपाल पन्छीविद् सङ्घले गरेको अध्ययनअनुसार १६ वर्षअघिको तुलनामा यस वर्ष चिरकालिजको सङ्ख्या बढेको हो । सङ्घले हालै मुस्ताङको थासाङ गाउँपालिकाको घाँसा, लेते, कुञ्जो, टिटीताल, खन्ती, भिप्रा देउरालीमा चिरकालिजको अध्ययन गरेको थियो । मुस्ताङमा गरेको अध्ययनको प्रतिवेदन तयार पारेको टोली चिरकालिजको अवस्था अध्ययनका लागि म्याग्दीको धवलागिरि गाउँपालिका र ढोरपाटन सिकार आरक्षमा आएको छ । अध्ययन टोलीमा सहभागी अनुसन्धानकर्ता विराट रजकले सन् २००९ मा छ जोडी चिरकालिज रहेको उक्त सात ठाउँमा यसपालि १८ जोडी भेटिएका जानकारी दिनुभयो ।

"सन् २००४ मा १७ र २००६ मा ११ जोडी कालिज भेटिएका थिए", उहाँले भन्नुभयो, "सन् २००९ पछि अध्ययन भएको थिएन । सोह्र वर्षपछि यसपालि भएको अध्ययनका क्रममा कालीगण्डकीको माथिल्लो क्षेत्रमा चिरकालिजको सङ्ख्या बढेको पाइएको छ ।" समुदायमा संरक्षण शिक्षा, चेतनाको विकास, चोरी सिकारी नियन्त्रण, बासस्थान वरपर मानवीय र घरपालुवा जनावरको गतिविधि बढ्दा चिरकालिजको सङ्ख्या वृद्धिमा सहयोग पुगेको अनुसन्धानकर्ता रजकले बताउनुभयो । खरबारी, पाखोबारीमा मानिसले घाँस काट्ने, पशुचौपायाको चरन क्षेत्र हुँदा झाडी हटेर आहारा खोज्न सजिलो हुने भएकाले चिरकालिजको बसोबासका लागि अनुकूल वातावरण बनेको उहाँको भनाइ छ । चिरकालिजले फुल कोरल्नेबाहेकका समयमा डढेलो लाग्दा झाडी नष्ट हुने र प्रशस्त आहारा पाउँदा उसका लागि अनुकूल मानिन्छ । चैत, वैशाख र जेठ चिरकालिजले फुल पार्ने, कोरल्ने र चल्ला निकाल्ने समय हो । समुद्री सतहबाट एक हजार चार सय मिटरदेखि तीन हजार छ सय मिटरसम्मको उचाइमा चिरकालिज पाइने गर्छ ।

सामान्य कालिजजस्तै यो तल्लो तटीय क्षेत्रमा पाइँदैन । यो चरा झट्ट हेर्दा कालिजको पोथीजस्तै देखिए पनि धेरै भिन्नता रहने अनुसन्धानकर्ता केशव चोखालले जानकारी दिनुभयो । "चिरकालिजको भालेको पुच्छर लामो, आँखाको रङ पनि रातो हुने, शरीरमा सेतो थोप्लामा कालो बुट्टा हुन्छ भने आकारमा पोथी भालेभन्दा सानो र पुच्छर पनि छोटो हुन्छ", उहाँले भन्नुभयो, "बिहान सूर्योदय हुनुभन्दा अगाडि र साँझमा सूर्यास्त भएपछि दिनको दुईपटक मात्र चिरचिर गरेर कराउने भएकाले यसलाई चिरकालिज भनिएको हो ।" 'क्याट्रस वालिची' वैज्ञानिक नाम रहेको यस पन्छीलाई अङ्ग्रेजीमा चिरफेजेन अर्थात् नेपालीमा चिरकालिज र सुदूरपश्चिममा चेडु चराको नामले चिनिने गरिएको छ । भिरमा नै बासस्थान बनाउने यो पन्छीले एकपटकमा सातदेखि १५ वटासम्म फुल पार्ने जनाइएको छ । चिरकालिज नेपालमा मुख्यगरी अन्नपूर्ण संरक्षण क्षेत्र, ढोरपाटन सिकार आरक्ष र रारा राष्ट्रिय निकुञ्जका साथै संरक्षित क्षेत्रभन्दा बाहिर पर्वतसँगै म्याग्दी र बागलुङ तथा कर्णाली तथा सुदूरपश्चिम क्षेत्रमा पाइन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मै यसलाई लोपोन्मुख प्रजातिका रूपमा सूचीकृत गरेको डिभिजन वन कार्यालय म्याग्दीका प्रमुख विष्णु अधिकारीले बताउनुभयो । कालीगण्डकीका साथै म्याग्दी र रघुगङ्गाको तटीय क्षेत्रमा देखिएकाले अनुसन्धान थालिएको हो । चिरकालिजको अध्ययनका लागि दातृ निकाय टोलेडोजुले सहयोग गरेको नेपाल पन्छीविद् सङ्घले जनाएको छ ।

धवलागिरि गाउँपालिकाको म्याग्दी नदी आसपास र ढोरपाटन सिकार आरक्ष क्षेत्रमा अध्ययनपछि प्राप्त हुने प्रतिवेदनका आधारमा चिरकालिज संरक्षण कार्यक्रम गरिने जैविक बिविधता संरक्षण समाज नेपालका कार्यक्रम अधिकृत पवन राईले बताउनुभयो । दुर्लभ पन्छी हेर्नका लागि विदेशी पर्यटक आउँदा स्थानीयस्तरमा रोजगारी सृजना र आयआर्जन वृद्धिमा सघाउ पुग्ने उहाँले बताउनुभयो ।

# बाक्लो सङ्ख्यामा देखिन थाले निकुञ्जमा बाघ

**पोखरापत्र संवाददाता**
चितवन, १८ कार्तिक

सोमबार चितवन राष्ट्रिय निकुञ्ज घुम्न गएका बेलायती पर्यटकको समूहले प्रत्यक्ष बाघ अवलोकन गर्ने अवसर पाए । गत साता हल्याण्डका पर्यटकले पनि बाघ देखेपछि उत्साहित हुँदै खुशी व्यक्त गरेका थिए ।

पर्यटक र निकुञ्जका कर्मचारी, सुरक्षाकर्मीले पनि हिजोआज विगतका तुलनामा बढी बाघ देख्न थालेका छन् ।

लामो समय निकुञ्ज बन्द रहेर जीप सफारी खुलेसँगै वन्यजन्तुको गतिविधि बढेकाले पर्यटकले देख्न पाएका हुन् । सौराहस्थित वनबास रिसोर्टका महाप्रबन्धक प्रकाश न्यौपानेका अनुसार दिनभर निकुञ्जको जीप सफारीमा निस्किएका पर्यटकले बाघ देखेर फर्किएपछि खुशी हुँदै प्रतिक्रिया दिने गरेका छन् । दुर्लभ एकसिङ्गे गैंडासहित बाघ देखेपछि पर्यटक निकै रमाउने गर्दछन् ।

सोमबार भिम्ले पोष्ट नजिकै बेलायती जोडीले बाघ देखेपछि खुशी भएर 'टिप्स' दिएको पथ प्रदर्शक सरोज चौधरीले बताउनुभयो । उहाँले भन्नुभयो, "बाघ देखेपछि स्वदेशी र विदेशी दुवै पर्यटक निकै खुशी हुन्छन् ।" ठाउँठाउँमा बाघ देखिन थालेपछि घुम्न आउने पर्यटक उत्साहित हुने गरेको चौधरी बताउनुहुन्छ । निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्तले पर्यटक र कर्मचारीहरूले हिजोआज बाघसहितका वन्यजन्तु धेरै देख्ने गरेको बताउनुभयो । उहाँले ढड्डीहरू सुकेर सुख्खापन बढ्दै गएपछि निकुञ्ज खुल्ला हुने र थप वन्यजन्तु देख्न सकिने बताउनुभयो । यस वर्ष यहाँ बाघ गणना गरिँदै छ । पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा वयस्क बाघ १२८ वटा छन् । आहारा प्रजातिको सङ्ख्या बढ्दै जाँदा बाघको सङ्ख्या पनि बढ्दै गएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## श्री सैनिक अस्पताल
**पोखरा, कास्की**

## विद्युतिय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना नं. NAWF/MH/GOODS/PKR/2082/83/50
(दोस्रो पटक प्रकाशित मिति २०८२।०७।१९ गते)

१. श्री सैनिक अस्पताल पोखराको लागि आवश्यक सरसफाई सामाग्रीहरु खरिद गर्नको लागि विद्युतीय (e–Gp System) सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक फर्म/कम्पनीहरुले विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट https://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | विवरण | लागत अनुमान (मु.अ.कर सहित) | जमानत रकम रु. | शिलबन्दी दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | सरसफाई सामाग्री आपुर्ति | ५,००,०८२।६७ | २२,५००।– | १,०००।– | २०८२।०८।०४ गतेको १२०० बजे | २०८२।०८।०४ गतेको १३०० बजे |

२. दरभाउपत्र दस्तुर Nepal Army Welfare Fund, Jangi Adda को नेपाल ईन्भेष्टमेण्ट मेघा बैंक नेपालको खाता नम्बर ००१०१०१०२६४१८१ मा जम्मा गर्नु हुन ।

३. साथै, थप जानकारीको लागि यस अस्पतालको फोन नं. ९८५६०८३८२८ र ईमेल mh–pokhara@nepalarmy.mil.np मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

# भेडापालनमा भविष्य खोज्दै आस्मन

पोखरापत्र संवाददाता
म्याग्दी, १८ कार्तिक

यहाँको धवलागिरि गाउँपालिका-४, मुदी सिङकोसका २५ वर्षीय युवा आस्मन पुर्जा मगर प्रायः भेडीगोठमै भेटिनुहुन्छ। हिउँदमा बैंसी र बर्खायाममा बुकीका खर्कमा घुम्ती गोठमा भेडाबाख्रा गोठालो गर्नु उहाँको दैनिकी हो । केही वर्षअघिसम्म रोजगारीको खोजीमा शहरमा भौतारिनुभएका पुर्जा अहिले भेडापालनमै भविष्य खोजिरहनुभएको छ।

बुबा मनलाल र आमा फिस्टीका सात भाइ छोरा र एक छोरीमध्ये कान्छो आस्मनले कक्षा ९ सम्म मात्रै पढ्नुभयो । उहाँले पोखरा, नयाँपुल र बेनीमा रेष्टुरेन्टमा पनि काम गर्नुभयो । ती सबै काम छाडेर उहाँ गाउँमै भेडापालन गर्न फर्कनुभएको हो । “आफ्नै माटोमासम्भावना छन् भन्ने लागेर भेडापालन सुरु गरेको हुँ, मेरो स्वदेशमै आत्मनिर्भर बन्ने सपनालाई आर्थिक लगानीको जरुरी थियो, त्यही बेला कोरियामा रहनुभएका साथी अनिल पाइजाले



साथ दिनुभयो र यो सम्भव भएको हो,” पुर्जाले भन्नुभयो। किसानी मावि बिममा पढ्ताका सहपाठी अनिलले भेडापालनका लागि सुरुआती लगानी गरिदिएपछि आफ्नो भेडापालन गर्ने सपना पूरा भएको उहाँले बताउनुभयो। भेडापालनमा करिब रु १३ लाख लगानी गर्नुभएका पुर्जालाई साथी अनिलले मात्रै करिब रु ६ लाख सापटी दिनुभएको छभने बाँकी रकम पुर्जा आफैँले जुटाउनुभएको छ । उहाँका गोठमा हाल करिब १०० भेडा छन्। भेडीगोठमा भेडाको सङ्ख्या थपिने क्रम जारी छ। यही याममा मात्र उहाँका करिब २५ भेडा ब्याउने तयारीमा छन् । निकट भविष्यमा भेडाको सङ्ख्या बढाएर भेडीगोठलाई आम्दानीको स्रोत बनाउने पुर्जाको योजना छ।

जेठदेखि असोजसम्म जिरबाङ पिक, बुकी र मूलखर्कका हरियालीमा राखिने भेडीगोठलाई हिउँद लागेपछि भने सिङकोस गाउँ वरपर झारिन्छ। स्थानीय बासिन्दाले देवीदेवताको भाकल पूरा गर्न साँढले पूजा गर्ने चलन भएकाले भेडीगोठमा उत्पादन भएका साँढका लागि बजारको अभाव छैन । खसी भने मासुका लागि गाउँलेहरूले गोठमै पुगेर खरिद गर्छन् । “बुबाले पनि घुम्तीगोठमा भैँसीपालन गर्नुभएको हो, सानोमा पनि म दाइहरूसँग गोठमा बसेको थिए, आफ्नै पुर्खाको माटोमा पसिना बगाउन पाइरहेको छु,” उहाँले भन्नुभयो । पुर्जाको भेडापालनले युवाहरूले विदेशमा गएर मात्र सम्भावना खोज्नु पर्दैन, आफ्नै गाउँमा पनि अवसरहरू छन् भन्ने सन्देश दिएको स्थानीयवासी बताउँछन्। पुर्जाको बुबा ७१ वर्षीय मनलालले अझै चोयाको डोको, डालो बुन्नुहुन्छ। उहाँका दुई छोराले बाख्रापालन, एक छोराले गोठमा भैँसीपालन गर्दै आउनुभएको छ । एक छोराले जिप चलाउँछन् । दुई छोराले गाउँमा च्याउ, टुसालगायत बिक्री गरेर जीविकोपार्जन गर्दै आउनुभएको छ।

# छ सय वर्षदेखिको इतिहासको साक्षी झुप्राङकोट

वासुदेव पौडेल
गण्डकी, १८ कार्तिक/रासस

ऐतिहासिक एवं धार्मिक महत्वको झुप्राङकोट मन्दिर जहाँ रहेको शिलालाई प्राचीनकालदेखि देवीका रुपमा पूजाआजा गरिँदै आइएको छ। मन्दिर परिसर क्षेत्रबाट उत्तरपूर्वतर्फ चाँदी जस्तै टलक्क टल्कने माछापुच्छ्रे हिमालसहितको मनोरम हिमशृङ्खला त दक्षिण पश्चिमतर्फ पर्यटन राजधानी पोखराको मुख्यबजार क्षेत्रसहितका दृश्य एकैठाउँबाट नियाल्न सकिने हुँदा यहाँ आउने जो कोही लोभिने गरेका छन्।

नेपालका बाइसेचौबिसे राजाहरूको पालादेखिको इतिहास झुप्राङकोटसँग जोडिनुले पनि यहाँको महिमा र गरिमा अझै बढाएको छ। इतिहासविद् ठाकुरप्रसाद त्रिपाठीका अनुसार १५औँ शताब्दीमा तत्कालीन कास्कीकोटका राजा कुलमण्डन शाहका छोरा विदुरजी शाहलाई झुप्राङकोटको मुख्तियारी दिइएको थियो। देब्रे शाहका रुपमा चिनिने उहाँ समयसमयमा त्यहाँ गएर बस्ने गरेको पाइन्छ । विदुरजी शाह पछि त्यहाँको मुख्तियारी आचार्य तथा गुरुङहरूलाई दिइएको थियो । यी विषयलाई आफ्नो पुस्तक नेपाल एकीकरणको जग कास्की राज्यको इतिहासमा लिपिबद्ध गरिएको उहाँले जानकारी दिनुभयो । एउटा किंवदन्तीअनुसार उक्त स्थानमा प्राचीनकालमा दुई जना झुमा बसेर सिद्धी प्राप्त भएकाले यस ठाउँलाई झुमाकोट हुँदै झुप्राङकोट भनिएको हो । त्यस्तै अर्को किंवदन्तीअनुसार झोमा नाम गरेका व्यक्तिले यहाँको मुख्तियारी पाएर बसेको र झोमा कोट हुँदै झुप्राङकोट भनिएको उल्लेख छ। तत्कालीन कास्की राज्यको सुरक्षाका लागि पनि यो विशेष महत्वको रहेको बताउँदै त्रिपाठीले त्यस बेलाका लमजुङ राज्यलगायतबाट हुनसक्ने सुरक्षा खतरालाई रोक्नका लागि पनि यो कोट बनाइको हुनसक्ने उहाँले बताउनुभयो।

यहाँ नजिकै रहेका सैनिकको परेड खेल्ने मैदान, बङ्कर आदिले यहाँको इतिहासलाई थप प्रष्ट पार्ने उहाँको भनाइ छ । धार्मिक महत्वको यस कोटका लागि विभिन्न जातजाति र जिम्मेवारीअनुसार गुठी जग्गाको व्यवस्था गरिएको बताउँदै उहाँले यो यस क्षेत्रकै महत्वपूर्ण शक्तिपीठका रुपमा समेत रहेको जानकारी दिनुभयो। मनले चिताएको पुग्ने विश्वासका साथ यस आसपासका गाउँबाट सर्वसाधारण यहाँ श्रद्धाभक्तिपूर्वक पूजाआजाका लागि जाने गरेका छन् । यस क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिबाट औषधि तयार गरी तत्कालीन अन्य राज्यमा पुऱ्याइने गरेको र यहाँको औषधि दिल्लीका सम्राटको दरबारमा



पुग्ने गरेको किंवदन्ती रहेको उहाँले जानकारी दिनुभयो । ऐतिहासिक एवं पुरातात्विक महत्वका यस्ता कोटको संरक्षण अपरिहार्य भएको पुरातत्व विभागका प्रमुख पुरातत्व अधिकृत रमेशराज पौडेल बताउनुहुन्छ । यस्ता ऐतिहासक सम्पदाको संरक्षणका लागि सरोकारवाला सबैको समन्वय हुनपर्नेमा उहाँले जोड दिनुभयो । साविक अर्मला-४ मा रहेको यो ठाउँ हाल पोखरा महानगरपालिका-१६ को उत्तरी क्षेत्रमा रहेको छ। यो स्थल समुन्द्री सतहबाट दुई हजार ३०० मिटरको उचाइमा रहेको छ। यहाँको पर्यटकीय विकासका लागि चरणबद्ध रुपमा विभिन्न प्रयास भएका छन्। विसं २०७४ मा गर्लाङ र आसपासका क्षेत्रको पर्यटकीय विकासलाई लक्षित गरी यससँग जोडिएका झुप्राङकोटलगायत स्थानलाई समेटेर अघि बढ्ने प्रयास गरिएको झुप्राङकोट बहुउद्देश्यीय विकास समितिका अध्यक्ष तीर्थ गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार त्यसयता यहाँको विकासका लागि चरणबद्ध प्रयास भएका छन् । यो समिति समाज कल्याण परिषद्मा दर्ता भई कार्य गर्दै आएको छ। “हामी यस क्षेत्रको समग्र पर्यटन प्रवर्द्धन र विकासका लागि निरन्तर लागिरहेका छौँ”, उहाँले भन्नुभयो, “प्रचुर पर्यटकीय सम्भावना भएर पनि यहाँ सम्भावनालाई उजागर गर्न नसकिएका अवस्थामा यसको प्रवर्द्धन र विकासले पर्यटनमा धेरै उपलब्धि हासिल हुनसक्ने हाम्रो विश्वास छ।” झुप्राङकोट धेरै पर्यटकीय सम्भावना बोकेको क्षेत्र भएकाले सबैको सकारात्मक सोच र प्रयासबाट यहाँको पर्यटकीय उपयोग गर्न सकिने अर्का समाजसेवी केशरबहादुर गुरुङको भनाइ छ। प्राकृतिक दृश्यावलोकनसँगै यस क्षेत्रलाई पदयात्रा पर्यटनसँग जोड्नसकेमा त्यसले झुप्राङकोटसँगै आसपासका गन्तव्यको प्रवर्द्धन र विकासमा पनि विशेष टेवा पुग्ने पर्यटन अभियन्ता टङ्क सुवेदीले बताउनुभयो। पछिल्लो समयमा यहाँको पर्यटकीय सम्भावनालाई उजागर गर्नका लागि स्थानीय जागरुकतासँगै पर्यटन सम्बद्ध निकायको साथ र सहयोग बढिरहेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार झुप्राङकोट जाने सिँढीबाटोका लागि गत वर्ष गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयबाट रु १० लाख विनियोजन भई काम सम्पन्न भइसकेको छ । यस बजेटबाट यहाँस्थित थलाए गौँडाबाट द्वारेगौँडा र कैले पहराबाट झुप्राङकोटसम्म कूल ७०० सिँढी राखिएको छ । यस आर्थिक वर्षमा पनि यहाँका लागि विभिन्न निकायबाट बजेट विनियोजन भएको जानकारी दिँदै सुवेदीले पदमार्ग निर्माणका लागि नेपाल पर्यटन बोर्डबाट रु २० लाख र उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशबाट रु १० लाख विनियोजन भएको छ। त्यस्तै यहाँको विस्तृत गुरुयोजना निर्माणका लागि पोखरा महानगरपालिकाले रु १६ लाख विनियोजन गरेको छ भने पुरातात्विक अध्ययनका लागि पुरातत्व विभागले रु चार लाख विनियोजन गरेको सुवेदीले जानकारी दिनुभयो। यहाँबाट नागीडाँडा, ताराहिल टप, सिक्लेस, कपुचे लेक हुँदै ताङ्तिङसम्म पदयात्रा गर्न सकिने जानकारी दिँदै उहाँले पहिलो दिन झुप्राङकोट बेस क्याम्पमा, दोस्रो दिन नागिडाँडा क्षेत्रमा, तेस्रो दिन सिक्लेस र चौथो दिन ताङ्तिङमा बास बस्न सकिने बताउनुभयो । यसअघि २०७८ साल पुसमा यहाँका घार्मी ढिकीडाँडा झुप्राङकोटलगायत स्थानलाई समेटेर एकदिने पदयात्रा प्रवर्द्धन कार्यक्रम गरिएको घार्मी डिकीडाँडा झुप्राङकोट नागीडाँडा सिक्लेश पर्यटन पदमार्ग तथा स्थानीय पर्यटन समितिका अध्यक्ष वासुदेव तिमिल्सनाले जानकारी दिनुभयो । उहाँका अनुसार झुप्राङकोटबाट माछापुच्छ्रे, अन्नपूर्ण, धवलागिरि हिमशृङ्खलासँगै पोखरा उपत्यका, पञ्चासे संरक्षण क्षेत्रका साथै मनोरम प्राकृतिक वातावरण नियाल्न सकिन्छ । प्राचीनकालमा यहाँ थुप्रै गोठ रहे पनि अहिले भने गोठ हराउँदै गएको बताउँदै उहाँले धेरै पर्यटकीय सम्भावना रहेर पनि यसको उजागर हुन नसकेको धारणा राख्नुभयो । विगतमा पनि पोखरालगायत स्थानबाट मानिस बस्ने र खाने खर्चको व्यवस्थापन गरी चित्रा/भकारीको गोठ बनाई यहाँ आएर प्रकृतिसँग रमाउने गरेको उहाँको भनाइ छ। यहाँबाट उत्तरतर्फ हेर्दा माछापुच्छे, अन्नपूर्णलगायत हिमचुचुरा र अन्नपूर्ण हिमालमा धानको रास र पाथीले मानिस निहुरिएर धान भर्दै गरेको दृश्य प्रष्ट रुपमा देखिने बताउँदै उहाँले माथि हिमशिखर तल बुकी क्षेत्रसँगै हरियाली वन जङ्गलले ढाकिएका कारण पर्यापर्यटनका दृष्टिले पनि यहाँको उत्तिकै महत्व रहेको बताउनुभयो।

सूर्योदयमा चाँदी झैँ टल्कने र सूर्यास्तमा सुन झैँ टल्कने हिमालको दृश्यसँगै यहाँबाट पश्चिमतर्फ माछापुच्छ्रे गाउँपालिकाका भुर्जुङखोला, धिप्राङ, घाचोक, लाहाचोक, ल्वाङ, रिवान, धिताल अस्ताम, एबिसी बेसक्याम्प, अष्ट्रेलियन बेसक्याम्प आदि देख्न सकिन्छ । त्यस्तै, अन्नपूर्ण गाउँपालिकाका ढिकुरपोखरी, लुम्ले, पञ्चासे, कास्कीकोट आदि क्षेत्र पनि एकसाथ अवलोकन गर्न सकिने उहाँले जानकारी दिनुभयो । दक्षिणतर्फ पोखरा महानगरको मौजा, काहुँ धरहरा, फेवाताल, शान्तिस्तूप, पुम्दीकोट शिव मूर्ति, कान्छीकोट, सराङकोट, पोखराको निर्माणाधीन क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थललगायत क्षेत्रका साथै स्याङ्जाका विभिन्न भागसमेत देख्न सकिन्छ भने पूर्वमा चोकोडाँडा, अर्मलाकोट, तनहुँका भाग तथा लमजुङका हरियाली डाँडाहरू देखिन्छ । हिउँदको समयमा ढकमक्क फुल्ने लालीगुराँस, सेतो फुल्ने चिमलो र अन्य रङ्गीविरङ्गी वासनादार सुगन्धित फूलका बास्ना यहाँका अन्य आकर्षण हुन् । हिउँदमा नै बन सप्सी, कुभिण्डो, मिठीफल, वैशाख/जेठमा गुहेली, ऐँसेलु, चुत्रो, हिउँदमा कुरिलो, वैशाख जेठमा टुसा, निउरो, हलहलेको साग आदि पाउन सकिन्छ।

जडीबुटीको खानी यस क्षेत्रमा निर मसी, गुँदरगानो, तोते, सतुवा पखनबेद, बाटुलपाते, दैचाम्लेलगायत जडीबुटी पाइन्छन् । चरा पर्यटनको पनि प्रचुर सम्भावना रहेको यहाँ यहाँ विभिन्न प्रकारका चराचुरुङ्गी पाइन्छन् । यस क्षेत्रमा कालिज, जुरेली, कोकले, भ्याकुर, डाँफे, मुनाल मालुवाका बथान, चिल, काग, काल्चेलगायत चरा पाइन्छ भने वन्यजन्तुमा बाघ, स्याल, चितुवा, घोरल, मृग, झारल, ब्वाँसो, मलसाप्रो आदि पाइन्छन् । पर्यटन अभियन्ता सुवेदीका अनुसार पर्यटकलाई लक्षित गरी अझै विभिन्न पूर्वाधार विकास अपरिहार्य रहेको यस स्थानमा हाल स्थानीय युवा लीलाबहादुर गुरुङले ‘टि हाउस’ खोल्नुभएको छ । हालका लागि झुप्राङकोट जाने पर्यटकका लागि हर्पाक या गर्लाङमा बस्नुपर्ने बाध्यता छ । गर्लाङ वा हर्पाकबाट आधा घण्टा हिँडेमा आलेबारी पुगिन्छ भने त्यहाबाट करिब डेढ घण्टामा झुप्राङकोट पुग्न सकिन्छ । यहाँ जानका लागि पोखराबाट लामाचौर वा बाटुलेचौर हुँदै अमलाबिसौनी पुग्नुपर्छ। त्यहाँबाट घार्मी, कुरेचौर हुँदै आलेबार ीसम्म सवारीसाधनमा पुगी त्यहाँबाट डेढ घण्टामा झुप्राङकोटमा पुग्न सकिने उहाँले जानकारी दिनुभयो।

# एउटै वडामा पाँच जलविद्युत् आयोजना निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १८ कार्तिक

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा पर्ने नारच्याङ भएर बग्ने नदीमा १६२ मेगावाट क्षमताका पाँच वटा जलविद्युत् आयोजना निर्माण भएका छन् । थप ६३ दशमलव तीन मेगावाट क्षमताको एउटा आयोजना निर्माणाधीन र १७३ दशमलव १४ मेगावाटका दुई वटा आयोजना निर्माणको प्रक्रियामा छन्।

अन्नपूर्ण-४ का वडाध्यक्ष लोकबहादुर पुनका अनुसार पाँच मेगावाट क्षमताको घलेम्दी खोला, ४२ मेगावाट क्षमताको म्रिस्तीखोला, ३८ मेगावाट क्षमताको नीलगिरि-१, ७१ मेगावाट क्षमताको नीलगिरि-२ र छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना निर्माण सञ्चालनमा आइसकेका छन्।

नारच्याङको सिमाना भएर बग्ने कालीगण्डकीमा ६६ दशमलव तीन मेगावाट क्षमतामध्य कालीगण्डकी जलविद्युत् आयोजना निर्माणाधीन छ । नौ दशमलव १४ मेगावाट क्षमताको सुपर घलेम्दी जलविद्युत् आयोजना निर्माण सुरु गर्ने तयारी गरेको छ । कालीगण्डकी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको १६४ मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजनाको विद्युत्गृह नारच्याङमा बनाउन प्रस्ताव गरिएको वडाध्यक्ष पुनले जानकारी दिनुभयो । निर्माण भएका र निर्माणका क्रममा रहेका जलविद्युत् आयोजनाले नारच्याङको कायापलट भएको छ । भौतिक पूर्वाधार, सामाजिक, आर्थिक, कृषिलगायत समग्र विकासमा जलविद्युत् आयोजनाबाट महत्वपूर्ण योगदान भएको वडाध्यक्ष पुनले बताउनुभयो । “हामीले कल्पनासम्म नगरेको अक्करे भिर छिचोलेर गाडी गुडेका मात्र छैनन् घरघरमा रोजगारी र आम्दानीको अवसर सिर्जना भएको छ”, उहाँले



भन्नुभयो, “अवसर र रोजगार खोज्दै सहरबजार, पसेका र विदेशिएकाहरु गाउँ फर्किन थालेका छन् । बसाइँसराइ रोकिएको छ।” गाउँमै प्राविधिक विषयको विद्यालय सञ्चालन, स्वास्थ्य संस्थाको भवन बनेका छन् । जलविद्युत् आयोजनाले निर्माण गरेको सडक, बेलिब्रिज र भवनलगायत पूर्वाधारले स्थानीयवासीलाई सुविधा पुगेको छ। जग्गाको मुआब्जा, व्यापार, कृषि, पशुपालन, होटल, रेष्टुरेन्ट, ठेक्कापट्टा, ढुवानी, यातायात व्यवसाय, शेयर लगानी र ज्याला मजदुरीबाट गाउँलेको आर्थिक हैसियत फेरिएको स्थानीय अगुवा तेज गुरुङले बताउनुभयो।

जलविद्युत् आयोजनाले सरकारलाई तिर्ने रोयल्टी (सलामी दस्तुर)मध्ये सङ्घीयले ५०, प्रदेश र पालिकालाई २५/२५ प्रतिशतका दरले बाँडफाँट हुने संवैधानिक व्यवस्था छ। नारच्याङमा रहेको प्रभा मावीले हाइड्रो इञ्जिनियरिङ विषयको पठनपाठन सञ्चालन गरेको छ।

म्रिस्तीखोला जलविद्युत् आयोजनाले विसं २०७१ कालीगण्डकी नदीमाथि बेलिब्रिज राखेपछि नारच्याङ सडक सञ्जालमा जोडिएको थियो । बैंसी र पटारको सिमानास्थित म्रिस्तीखोला र बाँधदेखि सुरुङमा जाने थप दुई वटा बेलिब्रिज बनाएको म्रिस्तीखोलाले फेदीसम्म १४ किलोमिटर सडक निर्माण गरेको छ । नीलगिरि खोला जलविद्युत् आयोजनाले छोटेपा हुँदै हुमखोलासम्म पहुँचमार्ग बनाएपछि सहज यातायात पहुँच भएपछि अन्नपूर्ण आधार शिविर नयाँ पर्यटकीय गन्तव्यका रुपमा विकास भएको छ । रेलेखोला जलविद्युत् आयोजना निर्माणस्थल जाने सडक निर्माण भएपछि नारच्याङको बेंसीदेखि लेकगाउँ सडक सञ्जालमा जोडिएको वडा सदस्य श्याम पुर्जाले बताउनुभयो। घलेम्दी र म्रिस्तीखोला जलविद्युत् आयोजनामा स्थानीयवासीले प्रभावित क्षेत्रको बासिन्दाका हिसाबले संस्थापक शेयर लगानी गरेका छन् । नीलगिरि पहिलो, दोस्रो र रेलेखोला जलविद्युत् आयोजनाको प्रवर्द्धकले शेयर निष्काशनको प्रक्रियामा छन् । कालीगण्डकी र आसपासका नदीमा निर्माण भएका र निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् लाई राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न नेपाल विद्युत् प्राधिकरणले नारच्याङको छिमेकी वडा दानामा सबस्टेशन बनाएको छ । विसं २०७७ मा निर्माण सकिएको २२० केभी क्षमताको सबस्टेशनबाट हाल घलेम्दी, म्रिस्ती र थापाखोला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् केन्द्रीय लाइनमा जोडिएका छन् । म्याग्दीको अन्नपूर्ण-३ दाना र पर्वतको कुश्मा-२ खुर्कोटमा सबस्टेशन र प्रसारण लाइन बनाएपछि कालीगण्डकी र आसपासका क्षेत्रमा जलविद्युत् आयोजना निर्माणमा लगानीकर्ताको सक्रियता बढेको नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वउपाध्यक्षसमेत रहनुभएका घलेम्दीखोलाका सञ्चालक प्रमोद श्रेष्ठले बताउनुभयो।

# अनमोल सहकारीको स्थापना दिवसमा रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, १८ कार्तिक

पोखरा महानगरपालिका वडा नं. १७, छोरेपाटनमा रहेको अनमोल वचत तथा ऋण सहकारी संस्थाको १५ औं स्थापनाको दिवसको अवसरमा सोमबार रक्तदान कार्यक्रम गरिएको छ।

रक्तदान कार्यक्रममा २८ युनिट रगत संकलन भएको संस्थाका सचिव एकनारायण भण्डारीले वताए । सो अवसरमा पहिलो रक्तदातालाई कार्यक्रमका प्रमुख अतिथि नेपाल रेडक्रस सोसाईटी छोरेपाटन उपशाखाकाका सभापति हरि श्रेष्ठले ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरिएको थियो । नेपाल



रेडक्रस सोसाईटी कास्की जिल्ला शाखाको समन्वयमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि नेपाल रेडक्रस सोसाईटी छोरेपाटन उपशाखाकाका सभापति हरि श्रेष्ठ, अनमोल वचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष खेमराज बराल, सचिव एक नारायण भण्डारी लगाएतले वोलेका थिए।

# करेन्ट लागेर एक जनाको मृत्यु

पोखरापत्र संवाददाता
दमौली, १८ कार्तिक

यहाँको व्यास नगरपालिका-१ छाब्दीखोलामा माछा मार्ने क्रममा करेन्ट लागेर सोमबार राति एक जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा सोही स्थानका २८ वर्षीय अमित सुयाल रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

राति ११:४५ बजे ४० वर्षीय रामबहादुर घर्ती, निजका दाइ ५४ वर्षीय शुक्र घर्ती र २८ वर्षीय अमित सुयालले रामबहादुर घर्तीको घरबाट बिजुलीको प्लगमा तार जोडी खोलामा करेन्ट लगाएर माछा मार्ने क्रममा अमितलाई एक्कासी करेन्ट लागेको थियो।

करेन्ट लागेर घाइते अमितलाई तत्कालै प्रदेश अस्पताल दमौली लगिएकामा चिकित्सकले मंगलबार बिहान १२:३० बजे मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो।